# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास, धनकुटा
## २०७३
## १ नं. प्रदेश,नेपाल

**शिलबन्दी दरभाउ पत्र सम्बन्धि सूचना**
**प्रथम पटक प्रकाशित मिति (०७७ । ०८ । १३)**

यस कार्यालयबाट तपशिलमा उल्लेखित कार्य खरिद प्रक्रियावाट संकलन गराउनु पर्ने भएकोले इच्छुक योग्यता प्राप्त व्यक्ति,फर्म,कम्पनी हरुले निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वक शिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

१.इच्छुक योग्यता पुगेका शिलबन्दी दरभाउ पत्र दाताले १५औ दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि तपशिल बमोजिमको नगदै तिरेको रसिद साथ २०७७ र ०७८ को लागि नबिकरण भएको इजाजत पत्र,स्थायी लेखा नम्वर,आ.ब.०७६ र ०७७ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२.शिलबन्दी दरभाउ पत्र १६औ (२०७७०८।२८)दिनको १२:०० बजे भित्रमा दर्ता गराइ सक्नुपर्नेछ । प्राप्त दरभाउपत्रहरु सोहि दिन २ः०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । दरभाउ(पत्रदाता वा निजको प्रतिनिधि उपशिथत नभएमा पनि दर भाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३.दरभाउ पत्र बापतको रकम यस कार्यालयको NIC ASIA BANK LTD, आन्तरिक राजश्व खाताको खाता नं. ०८८२०५००२८४८३००२ मा नगदै दाखिला गरेको सक्कल भौचर साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको NIC ASIA BANK LTD, शाखा कार्यालय पाखीवासमा रहेको धरौटि खाताको खाता नं. ८८CA५०२६४७५२४००३ मा नगदै दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ६ महिनाको म्याद भएको मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बिडबण्ड(Bank Guarantee) पेश गर्नुपर्नेछ ।

४.दरभाउ पत्र भर्दा प्रत्येक आइटमको दररेट अंक र अक्षरमा स्पष्ट हुनेगरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५.रीत नपुगि वा म्याद नाघी आएको शिलबन्दि दरभाउ पत्र उपर कुनै कारबाहि गरिने छैन ।

६.शुल्क संकलन गर्दा प्रयोग हुने रसिद सम्बन्धित पक्षले छपाउनु पर्नेछ र सो रसिद न.पा.बाट प्रमाणित गराएर मात्र प्रयोग गर्न पाइनेछ ।

७.दर्ता भएका शिलबन्दि दरभाउपत्र आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८.प्रचलित कानुन बमोजिम संघीय सरकार र प्रदेश सरकारलाई तिर्नु र बुझाउनुपर्ने कर सम्बन्धित पक्षले तिर्नुपर्नेछ ।

९.दरभाउ पत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना,सम्पर्क नं.,फ्याक्स नं, वा इमेल स्पष्टसँग लेख्नुपर्नेछ ।

१०.दरभाउ पत्र खामको बाहिर माथि पेश गर्ने फर्म,कम्पनीको नाम र कामको विवरण लेखि तल यस कार्यालयको नाम लेख्नु पर्नेछ ।

११.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१२.कबोल रकममा सम्झौता भएपछि जुनसुकै कारण भए पनि कुनै प्रकारको छुट सुविधा उपलब्ध गराइने छैन ।

१३.यस सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | PKBSMUN/SQ/077/78/03 | पाखीवास नगरपालिका वडा नं. ४ स्थित साप्ताहिक शनिवारे हटियामा शुल्क संकलन गर्ने | रु.१,४०,००० | रु.३५०० | रु.१००० | |

**प्रमुख प्रशासकीय अधिकृत**